**बैठक संख्या:-६९**

आज मिति २०८२ श्रावण १२ गते सोमबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका वैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा निम्न वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा वसी निम्न विषयमा छलफल गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं.वडा का.बा. वडा अध्यक्ष | श्री योगचन्द्र आङवोहाङ | |
| ४ | २ नं.वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन वुढाथोकी | |
| ६ | ४ नं. वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्वा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं.वडा अध्यक्ष | श्री हरि प्रसाद पोलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री सागता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतवन्धु राजवंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना वि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव (प्र.प.अ.) | श्री सागर मिश्र | |

CamScanner

**निर्णय नं १-** यस भन्दा अघि भएको कार्यपालिका वैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो ।

**निर्णय नं २-** भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको लगत संकलन सम्वन्धी कार्यविधि, २०८१ को दफा १२ को उपदफा ३ वमोजिम विर्तामोड नगरपालिका भूमि समस्या समाधान सहजिकरण समितिको मिति २०८२/०४/०४ गतेको निर्णयवाट सिफारिस सहित पेश भएका विर्तामोड नगरपालिका वडा नं १० का यसै साथ संलग्न विवरण वमोजिमका भूमिहीन दलित-१२, भूमिहिन सुकुम्वासी-५६ र अव्यवस्थित वसोवासीहरु-२९८ को निवेदन उपदफा ३ वमोजिम प्रमाणिकरण गरि ऐन वमोजिम जग्गा उपलब्ध गराउन सिफारिस सहित भूमि समस्या समाधान आयोग जिल्ला समिति झापामा पठाउने निर्णय गरियो ।

**निर्णय नं ३-** विश्व वैंकको आर्थिक सहयोगमा शहरी विकास मन्त्रालय अन्तर्गत नेपाल शहरी शासकिय कार्यक्रम मार्फत संचालन हुने आयोजनाको लागि नगर रिङरोड भित्रका सडक खण्डहरुको स्तरउन्नती (कालोपत्रे) गर्न यस विर्तामोड नगरपालिकावाट तयार गरिएको DPR Review गरी सम्वन्धित निकायमा प्रस्ताव पठाउने निर्णय गरियो ।

**विविध**

क) विर्तामोड नगरपालिका न्यायिक समितिवाट पेश भएको जमुना मैनाली वादी, प्रतिवादी सोम पाठक तथा नन्दलाल खरेल भएको जग्गा वैना विवाद सम्वन्धि मुद्दामा मिति २०८१/०२/२८ गते भएको सहमति कार्यान्वयनको लागि नगरपालिकाको कानूनी सल्लाहकारलाई सवै मिसिलहरु अध्ययन गरि लिखित राय पेश गर्न जिम्मेवारी दिने निर्णय गरियो ।